नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

**मितिः २०७८।०३।३०**

## प्रेस विज्ञप्ती

१. **झुट्टा तथा नक्कली मू.अ.कर विजक जारी गरी राजस्व छलि गर्ने सर्लाही जिल्ला, ब्रम्हपुरी गा.वि.स. -७ बस्ने मनिराज सप्लायर्स (स्था.ले.नं. ६०८०२०७३८) को प्रोप्राईटर राज देवी तथा उक्त फर्मको मुख्य कारोबार गर्ने व्यक्ति राजाराम महतोबाट रु.४१,५१,३१,८५४।- (अक्षेरुपी एकचालिस करोड एकाउन्न लाख एकतिस हजार आठ सय चवन्न मात्र) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७८-०३-३० गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

प्राप्त सवै सवुद प्रमाणबाट **मनिराज सप्लायर्स (स्था.ले.नं. ६०८०२०७३८) को प्रोप्राईटर राज देवी तथा उक्त फर्मको मुख्य कारोबार गर्ने व्यक्ति राजाराम महतोले** मालबस्तु स्थानीय खरिद तथा आयात नगरी, झुट्टा खरिद देखाई विभिन्न फर्महरूलाई विक्री बीजक मात्र जारी गरी उक्त फर्महरूबाट विक्री रकम भुक्तानी लिई सो बीजक मार्फत असुल गरेको मूल्य अभिवृद्धि कर रकम सरकारी कोषमा दाखिला नगरेको र विभिन्न फर्महरूलाई नक्कली एवं झुट्टा बीजक उपलब्ध गराई जालसाजी गरी प्रपञ्च रची मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको ।प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम कायम भएको **मु.अ.कर तर्फ रु.१५,८४,१७,३०७।- र आयकर तर्फ रु. २५,६७,१४,५४७।- समेत कूल जम्मा विगो रु.४१,५१,३१,८५४।- (अक्षेरुपी एकचालिस करोड एकाउन्न लाख एकतिस हजार आठ सय चवन्न मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले **मनिराज सप्लायर्स (स्था.ले.नं. ६०८०२०७३८) को प्रोप्राईटर राज देवी तथा उक्त फर्मको मुख्य कारोबार गर्ने व्यक्ति राजाराम महतो**लाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ बमोजिम विगो रकम **रु.४१,५१,३१,८५४।- (अक्षेरुपी एकचालिस करोड एकाउन्न लाख एकतिस हजार आठ सय चवन्न मात्र)** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७८-०३-३० गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको।

२. **झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने रौतहट जिल्ला, तेजपाकड गा.वि.स. -५ बस्ने शिव ट्रेडर्स (स्था.ले.नं. ३०२२३५०३४) का प्रोपाइटर तथा अल्का सप्लायर्स (स्था.ले.नं. ३०००७९७११) मुख्य कारोबार गर्ने व्यक्ति ओमप्रकाश सिंह भुमिहारबाट रु.२५,३५,४१,५८४।- (पच्चिस करोड पैंतिस लाख एकचालिस हजार पांच सय चौरासी रुपैयां मात्र) विगो असुल गरी जरिवाना र कैद मागदावी लिई मिति २०७८-०३-३० गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

प्राप्त सवै सवुद प्रमाणबाट **शिव ट्रेडर्स (स्था.ले.नं. ३०२२३५०३४) का प्रोपाइटर तथा अल्का सप्लायर्स (स्था.ले.नं. ३०००७९७११) मुख्य कारोबार गर्ने व्यक्ति ओमप्रकाश सिंह भुमिहारले** मालबस्तु स्थानीय खरिद तथा आयात नगरी, विभिन्न फर्महरुबाट झुट्टा तथा नक्कली मु.अ.कर विजक लिई खरिद देखाई आयकर तर्फ खर्च दावी र मूल्य अभिवृद्धि कर तर्फ कर कट्टी दावी गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको ।प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम कायम भएको **मु.अ.कर तर्फ रु. ७,४५,८६,४९०।- (सात करोड पैतालीस लाख छयासी हजार चार सय नब्बे मात्र) र आयकर तर्फ रु.१७,८९,५५,०९४।- (अक्षरेपी सत्र करोड उनान्बे लाख पचपन्न हजार रुपैया चौरानब्बे मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले **शिव ट्रेडर्स स्था.ले.नं. ३०२२३५०३४ का प्रोपाइटर तथा अल्का सप्लायर्स (स्था.ले.नं. ३०००७९७११) मुख्य कारोबार गर्ने व्यक्ति ओमप्रकाश सिंह भुमिहार**लाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा २३ बमोजिम विगो रकम **रु.२५,३५,४१,५८४।- (पच्चिस करोड पैंतिस लाख एकचालिस हजार पांच सय चौरासी रुपैया मात्र)** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७८-०३-३० गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको।

**सूचना अधिकारी**

**राजस्व अनुसन्धान विभाग**